NEW YORK STATE | Department of Health

# हस्पिसले के-कस्ता सेवाहरू प्रदान गर्दछ?

**विशेषज्ञहरूको टोलीले बिरामीहरूलाई समग्र सहयोग प्रदान गर्दछ जसले कुनै एक लक्षण वा शरीरको अंगमा ध्यान केन्द्रित गर्नुको सट्टा सम्पूर्ण व्यक्तिको उपचार गर्दछ। हस्पिसले (Hospice) प्रत्येक बिरामीको फरक आवश्यकताहरू पूरा गर्दछ, उनीहरूको शारीरिक, भावनात्मक, सामाजिक र आत्मिक स्वास्थ्यको ख्याल राख्दछ।**

## हेरचाहमा निम्न कुराहरू पर्न सक्छन्:

- नर्सिङ कर्मचारीहरूमा चौबीसै घण्टा, दैनिक पहुँच
- दर्ता नर्स (registered nurse, RN) वा इजाजतपत्र प्राप्त व्यावहारिक नर्स (licensed practical nurse, LPN) द्वारा समय-समयमा गरिने भ्रमण
- प्रमाणित गृह स्वास्थ्य सहयोगी (home health aide, HHA) द्वारा व्यक्तिगत हेरचाहमा सहयोग
- हस्पिस मेडिकल निर्देशकद्वारा हेरचाहको रेखदेख
- भावनात्मक र व्यावहारिक समस्याहरूका लागि सामाजिक कार्यकर्ताबाट सहयोग
- आध्यात्मिक र आस्थामाआधारित सहयोग
- मेडिकल उपकरण र औषधिहरू
- तालिम प्राप्त स्वयंसेवकहरूबाट सहयोग र साथ
- शोक सान्त्वना तथा परामर्श

## हस्पिस हेरचाह कहाँ प्रदान गरिन्छ?

- बिरामी वा हेरचाहकर्ताको घरमा
- अस्पतालहरूमा
- नर्सिङ होमहरूमा
- सहयोग सहितको आवास सुविधाहरूमा
- हस्पिस निवासहरूमा

## हस्पिसको लागि भुक्तानी कसरी गरिन्छ?

- Medicare ले, Medicare हस्पिस सुविधा मार्फत
- Medicaid
- अधिकांश व्यावसायिक स्वास्थ्य बीमा
- धेरैजसो हस्पिसहरू गैर-नाफामुखी भएकाले, उपहार र चन्दाले प्रायः कार्यक्रम, परियोजना, र हेरचाहको लागि भुक्तानी गर्न मद्दत गर्दछ।

# हस्पिस सेवाहरू
## का लागि को योग्य हुन्छ?

**यस्ता व्यक्तिहरू जसलाई:**

- विगत 6 महिनामा दुई वा सोभन्दा बढी पटक आकस्मिक विभागमा गएको र/वा अस्पतालमा भर्ना भएको
- दैनिक क्रियाकलाप गर्ने क्षमतामा निरन्तर ह्रास आएको
- विगत 6 महिनामा 10% भन्दा बढी अप्रत्याशित रूपमा तौल घटेको
- शरीरका अंगहरूमा सुन्निने समस्या बढ्दै गएको वा बारम्बार देखिने गरेको
- सास फेर्न गाह्रो हुनुका साथै छाती दुख्ने
- स्ट्रोक वा एमायोट्रोफिक ल्याटरल स्क्लेरोसिस (Amyotrophic Lateral Sclerosis, ALS) का कारण निल्न गाह्रो हुने वा निल्दा सर्किने
- उपचारपछि पनि निको नहुने अनियमित मुटुको धड्कन
- कुराकानी गर्न र हिँडडुल गर्न नसक्ने गरी डिमेन्सिया भएको
- अनियन्त्रित दुखाइ, वाकवाकी, सास फेर्न गाह्रो हुने
- असहज वा प्रभावहीन उपचारहरू रोक्ने इच्छा भएको
- आराम र जीवनको गुणस्तरमा ध्यान केन्द्रित गर्ने इच्छा भएको
- **चिकित्सकले छ महिनाभन्दा कम आयु रहेको पुष्टि गरेको**

**बिरामीले कसरी हस्पिस हेरचाह प्राप्त गर्न सक्छ?**

- बिरामीसँग परिचित जो कोहीले पनि हस्पिसका लागि सिफारिस गर्न सक्छन्। यसमा बिरामी आफैँ— साथै उनीहरूका परिवारका सदस्य, साथीभाइ, स्वास्थ्य सेवा प्रदायक र सामाजिक सेवा एजेन्सीहरू समावेश हुन्छन्।
- तपाईं बिरामी हुनुहुन्छ भने हस्पिस हेरचाह प्राप्त गर्दा तपाईंको रेखदेख गर्नका लागि एक स्वास्थ्य सेवा प्रदायक वा नर्स चिकित्सक आवश्यक पर्दछ। यसको अर्थ प्रायः तपाईंले आफ्नो स्वास्थ्य सेवा प्रदायकलाई निरन्तरता दिन सक्नुहुन्छ भन्ने हुन्छ।

**हस्पिस तथा उपशामक हेरचाह केन्द्र**
**(Center for Hospice & Palliative Care)**
**वृद्धावस्था तथा दीर्घकालीन हेरचाह कार्यालय**
**(Office of Aging and Long-Term Care)**
**इमेल:** CHPC@health.ny.gov
**फोन:** (518) 807-7848

health.ny.gov/hospice

#14213 (Nepali)

NEW YORK STATE | Department of Health

11/2025